


# १० अग्निपरीक्षामा नम्र मिजाज राखिराख्नु

***यस अध्यायका मूल पदहरू:*** **इजकिएलः २४:१५-२७, प्रस्थान ३२:१-१४, मत्ती ५:४३-४८, १ पत्रुस २:१८-२५ र भजन ६२:१-८।**

***यस अध्यायको मूल सार पद:*** **"धन्य विनम्रहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन्।" मत्ती ५:५।**

नम्र वा विनम्र गुणको बारेमा त्यति बाइबलमै धेरै सुन्दैनौं। मोशा र येशूले डाँडामा दिनुभएको उपदेशमा विनम्रताको बारेमा केही हेर्छौं। यो किन भन्ने कुरामा थाहा पाउन त्यति गाऱ्हो छैन। विनम्र हुनुको अर्थ, जतिसुकै चित्त दुख्ने गरि शत्रु, मित्रु र आफन्तले हृदयमा प्रहार गरेतापनि त्यसलाई धैर्यतापूर्वक शहनशील भएर लिन सक्ने खुबी हुनु हो। यस गुणले सजिएको मानिसले कसैसँग आक्रोस पोख्दैन, प्रतिशोधको भावना उसमा हुँदैन र रिस राख्दैन। उसको मिजास नम्रताले सजिएको हुन्छ। यस खालको गुणको बारेमा धेरै चर्चा गरिएको पाइन्दैन। आजको समाजमा जहाँ प्रतिस्पर्धाको होडबाजी हुन्छ, तँभन्दा म के कम, म किन दविने भन्ने मनस्थितिले बलियो अड्डा जमाएको विभिन्न छापाहरूले प्रसारण भइरहेको छ। हामी आफैले पनि कतिपय समयमा अनुवभन नै गर्दछौं। सभ्य समाजमा पनि विनम्र हुनु, झुकिनु, दवाउनुभन्दा बरु दविनु जस्ता गुणहरू अनौठो नै भएको पाइन्छ र त्यसलाई त झन कमजोर मिजासको भनेर होच्याइन्छ। कहिलेकाहीं यस विनम्रलाई बाइबलका अनुवादकहरू नम्र वा विनयशील भनेर अनुवाद गर्दछन्। तर जेभएतापनि नम्र वा विनम्र हुनु मानव इतिहास वा बर्तमान समाज वा सभ्यतामा हुनुपर्ने सम्माननीय वा आदर्श गुण भनेर जोड गर्दैन।

तर हेपाहा, अन्याय, अत्याचार, दुर्व्यवहारलाई धैर्यतापूर्वक सहँदै कुनै रिस नराखी सहनशीलताको गुणको शिखर उदाहरण येशू र उहाँका चेलाहरूले

उल्लेखनीय र प्रभावकारीरूपमा देखाएका थिए। तर विनम्र हुनु नै मानिसको लक्ष्य त होइन। यद्यपि, प्रभुका अग्निपरीक्षामा परेकाहरूलाई विनम्रताको गुण अत्यन्तै शक्तिशाली अस्त्र हुनसक्छ। विनम्र हुन सिक्न ठूलो थलो नै दुःखकष्टको प्रयोगशाला हो। यहाँ हाम्रो हृदय उथलपुथल हुन्छ। हामी टुक्रा टुक्रा हुन्छौं। त्यसबाट हामी उब्जिन सक्यौं भने प्रभुको निम्ति प्रवाकारी गवाही हुन सक्छौं।

**यस अध्यायको झलकः दुःखकष्ट र विनम्रताको बीचमा के सम्बन्ध छ? हामी हाम्रै विनम्र र छियाछियाको अनुभवले अरूहरूको निम्ति कसरी प्रवल गवाही हुन सक्छौं? येशूभक्तहरूको निम्ति विनम्रता कमजोरी होइन बल दिने गुण भनेर कसरी स्वीकार्ने?**

## १. टुक्रा टुक्रा गरिएको र पोखाइएको रस

**हामीहरू अरूहरूको निम्ति टुक्रीएको रोटी र खन्याइएको रस हुनुपर्छ भनेर इसाई लेखक ओसवाल्ड च्याम्बरले व्यक्त गर्दछन्। त्यसको अर्थ के हो?**

अरूहरूको सेवा गर्न भाँचिएका, टुक्रिएका र छियाछिया भएका मानिसहरूको उदाहरणहरूले बाइबल भरिएको छ। जब मोशाले प्रभुका जनहरूलाई अगुवाइ गर्दै थिए तब उनले उहाँको विरुद्धमा कानेखुसी, आलोचना र लुछाचुड निरन्तर वाढीको रूपमा सामना गरेका थिए। युशूफलाई त्यस्तो यात्रामा होमियो जहाँ उनले मानिसहरूको बेइमानी वा विश्वासघात, दासत्व र झ्यालखानामा अन्याय भएतापनि सहनुपरेको थियो। सैतानले प्रभुका जनहरूलाई भकुण्डो खेल्ने रङ्गशाला बनाएतापनि प्रभुले ती परिस्थितिहरू तिनीहरूलाई आउन दिनुभयो ताकि त्यो रङ्गशाला प्रभुको अनुग्रह र स्याहारको प्रयोगशाला बन्न सकुन। प्रभुका जनहरू सारा मानिसहरू र जगतको सामु प्रभुको रङ्गमञ्च वा नाट्यशालामा अभिनेता र अभिनेती हुन पुगेका थिए। तिनीहरूलाई तिनीहरूकै हितको निम्ति निफनिन पुगेका थिएनन् तर अरूहरूको भलाई वा सेवा गर्न निफनेका थिए। अहिले प्रभुले हामीलाई त्यसरी नै प्रयोग गर्न सक्नुहुन्छ। प्रतिकूल वा पीडादायी परिस्थितिमा क्रोधित हुनु सजिलो छ, रिसले जुरमुरिनु सहज छ। तर यदि हामीमा विनम्र वा नम्र हुने पवित्र आत्माको बरदान छ भने सबै थोक धैर्यतासाथ रिसराग नराखी सहनसक्ने हुन्छौं।

**इजकिएल २४:१५-२७ पढ्नुहोस्। यहाँ के भइरहेको छ? प्रभुका धुरन्धर अगमवक्ता इजकिएल पनि किन अग्निपरीक्षामा होमिएको थियो?**

"१५ परमप्रभुको यो वचन मकहाँ आयोः १६ "हे मानिसको छोरो, एकै प्रहारमा म तिमीबाट तिम्रो आँखाको नानीलाई लैजान लागेको छु। तापनि तिमीले शोक नगर्। नरोऊ, र तिम्रा आँखाबाट केही आँसु नझार्। १७ चूपचाप बसेर सुस्केरा हाल्। मृतकको निम्ति शोक नगर्। टाउकोमा फेटा र खुट्टामा जुत्ता लगा। तिम्रो मुख नछोप्। मलामीहरूको खाने कुरा नखा।" १८ यसैले बिहानै मैले यो कुरा मानिसहरूलाई भनें, र त्यही बेलुकी मेरी पत्नीको मृत्यु भयो। भोलि बिहान मैले जे आज्ञा पाएको थिएँ, त्यसै गरें। १९ तब मानिसहरूले मलाई सोधे, "यी कामहरूसँग हाम्रो के सम्बन्ध? के तपाईं हामीलाई बताउनुहुन्न?" २० तब मैले तिनीहरूलाई भनें, "परमप्रभुको यो वचन मकहाँ आयोः २१ इस्राएलको घरानालाई भन्: "परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः म मेरो पवित्रस्थान, त्यो किल्ला, जसमा तिमीहरू गर्व गर्दछौ, तिमीहरूका आँखाको प्यारो, तिमीहरूका प्रेमको पात्रलाई अपवित्र तुल्याउन लागेको छु। अनि तिमीहरूले छोड़िराखेका तिमीहरूका छोराछोरीहरू तरवारले मारिनेछन्। २२ अनि मैले गरेझैं तिमीहरूले पनि गर्नेछौ। तिमीहरूले आफ्नो मुख छोप्नेछैनौ, अथवा मलामीहरूको खानेकुरा तिमीहरूले खानेछैनौ। २३ तिमीहरूले आफ्नो फेटा टाउकोमा र तिमीहरूका जुत्ता तिमीहरूका खुट्टामा लगाउनेछौ। तिमीहरूले शोक गर्नेछैनौ न त रुनेछौ, तर तिमीहरू आफ्ना पापहरूको कारण सुकेर जानेछौ, र आ-आफ्ना बीचमा सुस्केरा हाल्नेछौ। २४ यसरी इजकिएल तिमीहरूका निम्ति एउटा चिन्ह हुनेछ। उसले गरेजस्तै तिमीहरूले पनि गर्नेछौ। जब यो कुरा हुन्छ, तब परमप्रभु परमेश्वर म नै हुँ भनी तिमीहरूले जान्नेछौ।" २५ "हे मानिसको छोरो, त्यस दिन जब म तिनीहरूबाट तिनीहरूको किल्ला, तिनीहरूको आनन्द र गौरव, तिनीहरूका आँखाको अति प्रिय कुरा, तिनीहरूका हृदयको इच्छा र तिनीहरूका छोराछोरीहरू पनि लानेछु, २६ त्यस दिन तिमीलाई यो समाचार सुनाउनलाई एउटा भागेर आएको मानिस तिमीकहाँ आउनेछ। २७ त्यस बेला तिम्रो मुख खोलिनेछ। तिमी त्यससँग कुरा गर्नेछौ, र तिमी चूपचाप रहनेछैनौ। यसरी तिमी तिनीहरूका निम्ति एउटा चिन्ह हुनेछौ, र तिनीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन्।" इजकिएल २४:१५-२७।

इजकिएल २४:२४मा प्रभुले भन्नुभएको छ, "यसरी इजकिएल तिमीहरूका निम्ति एउटा चिन्ह हुनेछ। उसले गरेजस्तै तिमीहरूले पनि गर्नेछौ। जब यो कुरा हुन्छ, तब परमप्रभु परमेश्वर म नै हुँ भनी तिमीहरूले जान्नेछौ।" इजकिएलले आफ्नो आँखाको नानी वा हृदयकी प्यारी श्रीमतीको

असमायीक मृत्युको वियोग सहनु परेको थियो। तर उनको त्यो अनुभवले सार्बभौम प्रभुको सत्यतालाई इस्राएलीहरूले सिक्ने भएका थिए। इजकिएलको जीवनमा पूराभएको भविष्यवाणी र उनले भोगेका पीडाले मानिसहरूप्रति प्रभुको भित्री आर्तनादलाई बाहिर ल्याएको थियो। त्यस्तो छियाछियाको जीवनद्वारा सृष्टिकर्ता परमेश्वरलाई कतिजनाले हेर्न सक्ने भएको हुन्छ। कतिलाई थाहा छ र?

**ढिलो होस् वा चाँडो होस् हाम्रो जीवन आफै टुक्रिनेछ। तपाईंको आफ्नै अनुभवमा टुक्रिनु वा छियाछिया हुनु भनेको के अनुभव गर्नुभएको छ? तपाईंको टुक्रिएको, वियोगको जीवनद्वारा अरूहरूलाई सहयोग गर्न प्रभुले कसरी प्रयोग गर्न सक्नुहुन्छ?**

## २. अनुग्रहको निम्ति पहल

प्रतिज्ञा गरिएको कनान देश केवल यहूदीहरूको निम्ति नभएर मिश्रित वा अयहूदीहरूको निम्ति पनि थियो। त्यतातिर लम्किन मरुभूमिमा यात्रामा दुवै यहूदी र अयहूदीले प्रभुलाई गद्दारी गरेका थिए वा विश्वासघात गरेका थिए। त्यो पनि एक पल्टमात्र नभएर धेरै वा निरन्तर भनेपनि हुन्छ। जब सुनको गाईलाई "तिमी नै हाम्रो प्रभु हो। तिमी नै हाम्रो मुक्तिदाता हो" भनेर (अहिले नेपालमा गरिरहेको जस्तै) पूजा गरेका थिए तब प्रभुको निम्ति त्यो अचाक्ली भएको थियो। हेर्नुहोस् यसको बृतान्तः " १ जब मानिसहरूले मोशालाई पर्वतबाट ओर्लन बियाँलो गरेका देखे, तब तिनीहरू हारूनकहाँ भेला भएर तिनलाई भन्न लागे, "उठ्नुहोस्, र हाम्रा अगिअगि जानलाई देवताहरू बनाउनुहोस्, किनकि हामीलाई मिश्रबाट निकालेर ल्याउने मोशालाई के भयो हामी जान्दैनौं" २ हारूनले तिनीहरूलाई भने, "तिमीहरूका पत्नीहरू र छोराछोरीहरूका कानमा भएका सुनका कुण्डलहरू फुकाली यहाँ मकहाँ ल्याओ।" ३ तब सबै मानिसहरूले आफ्ना-आफ्ना कानमा भएका सुनका कुण्डलहरू फुकालेर हारूनकहाँ ल्याए। ४ तिनले ती तिनीहरूका हातबाट लिएर हतियारले खोपे, र ढालेर बाछ्राको आकारको एउटा मूर्ति बनाए। तब तिनीहरूले भने, "हे इस्राएली हो, तिमीहरूलाई मिश्रबाट निकालेर ल्याउने तिमीहरूका देवताहरू यी नै हुन्।" ५ यो देखेर हारूनले बाछ्राकै सामु एउटा वेदी बनाए, र तिनले यसो भनेर घोषणा गरे, "भोलि परमप्रभुको निम्ति एउटा चाड़ हुनेछ।" ६ भोलिपल्ट मानिसहरू बिहानै उठेर होमबलि चढ़ाए, र मेलबलि पनि ल्याए। तब तिनीहरू खानपान गर्नलाई बसे, अनि त्यसपछि मोजमा डुब्न उठे। ७ तब परमप्रभुले

मोशालाई भन्नुभयो, “तल ओर्ल, किनकि तिमीले मिश्रबाट निकालेर ल्याएका तिम्रा मानिसहरूले आफैलाई भ्रष्ट पारेका छन्। ८ तिनीहरूलाई जुन मार्गमा हिँड्ने आज्ञा मैले दिएको थिएँ, त्यसबाट तिनीहरू यति चाँड़ै अर्कोतिर लागेका छन्। तिनीहरूले आफ्ना निम्ति बाछाको आकारमा एउटा ढालेको मूर्ति बनाएर त्यसैलाई पुजेका छन्, र त्यसैको निम्ति बलि चढ़ाएर भनेका छन्, ‘हे इस्राएली हो, तिमीहरूलाई मिश्रबाट निकालेर ल्याउने तिमीहरूका देवताहरू यी नै हुन्’।”
९ परमप्रभुले मोशालाई भन्नुभयो, “मैले यी मानिसहरूलाई देखें। यिनीहरू त हठी मानिसहरू रहेछन्। १० अब मलाई नरोक्, र मेरो क्रोध यिनीहरूमाथि दन्किओस्। म यिनीहरूलाई भस्म पार्नेछु। अनि तिमीबाट नै म एउटा ठूलो जाति बनाउनेछु।” ११ तर मोशाले परमप्रभु आफ्ना परमेश्वरलाई आग्रहपूर्वक भने, “हे परमप्रभु, तपाईंले आफ्नो ठूलो सामर्थ्य र शक्तिशाली हातले मिश्रबाट निकालेर ल्याउनुभएका आफ्ना मानिसहरूमाथि तपाईंको क्रोध किन यति साह्रै जलेको छ? १२ मिश्रीहरूले किन यसो भन्ने मौका पाऊन्? ‘कुभलो चिताएर पर्वतहरूमा तिनीहरूलाई मार्न, र तिनीहरूलाई पृथ्वीबाट नाश गर्न उहाँले तिनीहरूलाई ल्याउनुभयो’। तपाईं आफ्नो भयङ्कर क्रोधलाई शान्त गर्नुहोस्, र आफ्ना मानिसहरूलाई हानी गर्नदेखि आफ्नो मन बद्लनुहोस्। १३ आफ्ना दासहरू अब्राहाम, इसहाक र याकूबलाई सम्झनुहोस्, जुनहरूसित तपाईंले आफ्नै नाउँमा शपथ खाएर यसो भन्नुभएको थियो, ‘म तिमीहरूका सन्तानलाई आकाशका ताराहरूजस्तै बढ़ाउनेछु। मैले प्रतिज्ञा गरेको यो सारा देश तिमीहरूका सन्तानलाई दिनेछु, र तिनीहरू सधैंसम्म त्यसको अधिकारी हुनेछन्’।” १४ तब आफ्ना मानिसहरूलाई हानि गर्नदेखि परमप्रभुले आफ्नो मन बद्लनुभयो। १५ अनि मोशा फर्केर आफ्ना हातमा गवाहीका दुवै शिला-पाटी लिएर पर्वतबाट ओर्ले। ती पाटीहरूमा अगाड़ि र पछाड़ि दुवैपट्टि लेखिएका थिए। १६ ती पाटीहरू परमेश्वरका काम थिए। तिनका लेखोट परमेश्वरद्वारा खोपेर लेखिएका थिए। १७ यहोशूले मानिसहरू चिच्च्याएका सुनेर मोशालाई भने, “छाउनीमा त लड़ाइँको सोरजस्तो पो सुनिँदैछ।” १८ मोशाले भने, “यो सोर न त जित्नेहरूको न हार्नेहरूको हो, तर म त गाउनेहरूको सोर सुन्दैछु।”

१९ छाउनीनेर आउँदाआउँदै मोशाले बाछो र नाच देखे। मोशालाई साह्रै रीस उठ्यो, र तिनले ती पाटीहरू आफ्ना हातले पर्वतको फेदीमा फ्याँकेर फुटाइदिए। २० तब तिनीहरूले बनाएको त्यो बाछो लिएर तिनले आगोमा जलाइदिए, र त्यसलाई धूलोपीठो पारेर पानीमा छरिदिए। अनि तिनले

इस्राएलीहरूलाई त्यो पिउन लाए। २१ त्यसपछि मोशाले हारूनलाई भने, "यी
मानिसहरूले तपाईंलाई के गरे, र तपाईंले यिनीहरूलाई यस्तो ठूलो पापमा
लानुभयो?" २२ हारूनले जवाफ दिए, "हजूरको रीस ममाथि नउठोस्। तपाईं त
यी मानिसहरूलाई जान्नु नै हुन्छ। यिनीहरू कति खराबीतिर लागेका छन्। २३
तिनीहरूले मलाई भने, 'हाम्रा निम्ति हाम्रा अगिअगि जानलाई देवताहरू बनाऊ,
किनकि हामीलाई मिश्रबाट निकालेर ल्याउने मोशालाई के भयो हामी जान्दैनौं'।
२४ तब मैले तिनीहरूलाई भनें, 'जस-जसकहाँ सुनका गहनाहरू छन्, ती
फुकालेर ल्याओ'। अनि तिनीहरूले मलाई सुन दिए। मैले आगोमा हालिदिएँ, र
यो बाछो निस्क्यो।" २५ मोशाले देखे कि मानिसहरू त छाड़ा भइसकेका थिए,
किनकि हारूनले तिनीहरूलाई छाड़ा हुन दिएका थिए, यतिसम्म कि तिनीहरू
आफ्ना वैरीका सामुन्ने हाँसोको कारण बनेका थिए। २६ तब मोशाले
छाउनीको ढोकानेर उभिएर भने, "जो-जो परमप्रभुतर्फ छन्, तिनीहरू मकहाँ यता
आऊन्।" अनि लेवीका सारा सन्तानचाहिँ तिनीकहाँ आएर भेला भए। २७
मोशाले तिनीहरूलाई भने, "परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः
'तिमीहरू हरेकले आफ्नो-आफ्नो तरवार भिरेर छाउनीको वल्लो छेउदेखि पल्लो
छेउसम्म ढोका-ढोकामा गएर हरेकले आफ्नो भाइ र आफ्नो मित्र र आफ्नो
छिमेकीलाई मार'।" २८ तब लेवीका सन्तानहरूले मोशाले भनेअनुसार गरे।
त्यस दिन मानिसहरूमध्ये तीन हजार जति पुरुष मारिए। २९ तब मोशाले भने,
"आज तिमीहरू आफ्ना-आफ्ना छोरा र आफ्ना-आफ्ना भाइलाई नाश गरी
परमप्रभुको निम्ति अलग गरिएका छौ। आज उहाँले तिमीहरूलाई आशिष्
दिनुभएको छ।" ३० भोलिपल्ट मोशाले मानिसहरूलाई भने, "तिमीहरूले ठूलो
पाप गरेका छौ। तर अब म परमप्रभुकहाँ उक्लेर जानेछु। शायद तिमीहरूको
यो पापको निम्ति म प्रायश्चित गर्न सक्छु होला।" ३१ अनि मोशाले
परमप्रभुकहाँ फर्किगएर यसो भने, "हाय!' यी मानिसहरूले कस्तो ठूलो पाप गरेका
छन्! तिनीहरूले आफ्ना निम्ति सुनका देवताहरू बनाएका छन्। ३२ तापनि
तपाईंले तिनीहरूको पाप क्षमा गर्नुहुन्छ होला– हुन्न भनेता, तपाईंले लेख्नुभएको
पुस्तकबाट मेरो नाउँनिशानै मेटिदिनुहोस्।" ३३ तब परमप्रभुले मोशालाई
भन्नुभयो, "जसले मेरो विरुद्धमा पाप गरेको छ, त्यसलाई नै म आफ्नो
पुस्तकबाट मेटिदिनेछु। ३४ अब जा, मैले तिमीलाई भनेको स्थानमा
मानिसहरूलाई अगुवाइ गरेर लैजा, र मेरा दूत तिम्रो अगिअगि जानेछन्, तापनि
तिनीहरूलाई सजाय दिने समय आएपछि म तिनीहरूको पापको दण्ड दिनेछु।"

**३५ अनि हारूनले बनाएको बाछोप्रति तिनीहरूले जे गरे त्यसैको निम्ति परमप्रभुले मानिसहरूलाई रूढ़ीले मार्नुभयो।" प्रस्थान ३२।**

**ती पतित,भ्रष्ट, गाईलाई नै देवता मानेर ढोग्ने, दश आज्ञालाई त्यसको अस्तित्व छैन भनेर सिकाउने, प्रभुमाथिको आस्था र विश्वासमा अपरिवर्तित जीवनमा ढालिरहन चाहना दुवै परमेश्वरका जनहरू भनेर दावी गर्ने र पाहुना व अन्य जाति सबैलाई के गर्ने भनेर सात हजार फित अल्गो पहाडको टुप्पोमा (काठमाण्डौको फुलचोकि जतिकै) प्रभुले मोशालाई आफ्नो फैसला सुनाउनुभएको थियो।त्यसबेला मोशाले कस्तो भूमिका खेलेका थिए?**

**कुनै जीवहरूको मूर्ति बनाएर नढोग्नु भन्ने** दश आज्ञाहरूमा दिएको एक नीति विपरित मिश्र देशको धर्ममा प्रचिलित साँढे र कनानीहरूमा प्रचलित गाइलाई प्रभु हो भनेर इस्राएली र तिनीहरूसँग आएका मिश्रित जातिहरूले पूजा गर्दा प्रभुको अगाडि अतिनै भएको थियो। आफूलाई गाइमा झार्नु आफ्नो सरासर बेइज्जत र अपमान भएको प्रभुले महसुस गर्नुभएको थियो। उहाँप्रति तिनीहरूले गरेको विश्वासघात उहाँलाई असह्य भएको थियो। तिनीहरू सबैलाई सखाप पारि मोशाबाट नै महान् जाति खडा गर्ने सोच प्रभुले मोशालाई सुनाउनुभएको थियो। तर आफ्नो भाऊ खोज्नुको सट्टा र प्रभुको त्यो प्रस्तावलाई स्वीकार्नुको सट्टा आफ्ना जनहरूलाई अनुग्रह र सदाशयता देखाउन मोशाले पहल गरे वा अनुनय बिन्ति गरे।

प्रस्थान ३२:१-१४मा दुई उल्लेखनीय विषबस्तुहरू प्रस्तुत गरिएका छन्। पहिलो त प्रभुले सारा विद्रोही मानिसहरूलाई सखाप पार्ने निर्णयको साथ मोशालाई विशेष आशिष दिने वचन सुनाउनुभएको थियो। आफ्नो भाऊ खोज्ने कि नखोज्ने यो मोशाको निम्ति प्रलोभन र परीक्षा थियो। ती पत्थरको हृदयभएका विद्रोही मानिसहरूप्रति मोशाले करुणा देखाउन सकुन् भन्ने पनि प्रभुले चाहनुभएको थियो। त्यस परीक्षामा मोशा सफल भयो। येशूले जस्तै मोशाले पापीहरूको निम्ति बिन्तिभाऊ गरेका थिए। यसमा एउटा धेरै रोचक विषयलाई प्रकट गरिएकोछः हाम्रो विरोधी वा प्रतिस्पर्धालाई सामना गर्नुपर्ने स्थिति कहिलेकाहीँ प्रभुले हामीलाई आउन दिनु हुन्छ। हामीलाई अग्निहोममै पनि कहिलेकाहीँ पोल्न दिनुहुन्छ। प्रभुप्रति वितृष्णा वा उहाँको बिरोधमा सरासर जाने र गइरहनेप्रति उहाँ, हामी र हेरिरहने सारा जगतका जीवहरूले हामीमा कस्तो करुणा र सदाशयता भएको हेर्न मोशाले जस्तो परीक्षाको सामना गर्न प्रभुले खटाउन सक्नुहुन्छ।

**इस्राएलीहरू र अयहूदी समूहलाई किन नाश गर्नुहुन्न भनेर प्रभुसँग विभिन्न तर्कहरू मोशाले पेश गरेका थिए। तिनीहरू के हुन्?**

उपर्युक्त अशंले दोस्रो विषय हामीलाई देखाउँदछ। हामीले विरोधीहरूको र खराब मानिसहरूको सामना गर्न दिइने कारणमा हामीमा सञ्चय भएको अनुग्रह र सदाशयतालाई देखाउनु भनेर आह्वान प्रभुले गर्नुहुन्छ। मानिसहरू अयोग्य, पापी,अधर्मी र दुष्ट भएको बेलामा र ती प्रवृत्ति तिनीहरूले प्रकट गरिरहेको बेलामा तिनीहरूलाई देखाउन अनुग्रह, करुणा र सदाशयताको आवश्यता छ। जब आफ्नै दिदी मिरियमले उनको आलोचना र उनको चरित्रको बिरुद्धमा बोलेकी थिइन् र उनी कुष्ट रोगी भएकी तब त्यसैबेला उनलाई निको पार्न मोशाले प्रभुसँग बिन्ति गरेका थिए (गन्ती १२)। जब कोराह र उसका अनुयायीहरूसँग प्रभु रिसाउनुभएको थियो र तिनीहरू सबैलाई सखाप पार्छु भनेर प्रभु रिसाउनु भएको तब मोशा जमिनमा घोप्टो परेर त्यो रिसानी माफ होस् र तिनीहरूको जीवनको बिन्ति गरेका थिए। अर्को दिन विद्रोहीहरूको मृत्युमा मानिसहरू मोशासँग धेरै रिसाएका थिए। त्यो रिस थाहा पाएर प्रभुले सबैलाई सखाप पार्छु भनेर फेरि धम्किदिनुभएको थियो। मोशा घोप्टो परे र तुरन्तै सबैको निम्ति क्षमाबलि चढाउनु भनेर हारुनलाई अऱ्हाएका थिए (गन्ती १६)। आफ्नै नम्रतामा, निश्वार्थीपनामा, सज्जनपनामा र विनम्र हुने मिजासमा र कडा परीक्षामा अनुग्रहको निम्ति अयोग्य भएकाहरूको निम्ति अनुग्रह, सदाशयता र करुणा खोजेका थिए।

**तपाईंका वरिपरि वा परिवारमा कोही होला जसले तपाईंलाई धोका दिएका होलान्, तपाईंको चरित्र हत्या गर्न खोलेका होलान्, बिनाकारण तपाईंलाई दुर्व्यवहार र अन्याय गरिरहेका होलान्, तिनीहरूको बारेमा सोच्नुहोस्। तिनीहरूलाई तपाईंको माया र अनुग्रहको खाँचो नै नहोला। तर तपाईं कसरी नम्र, विनम्र र निस्वार्थी भएर तिनीहरूमाथि प्रभुको अनुग्रहको खनियोस भनेर प्रार्थना गर्न सक्नुहुन्छ?**

## ३. हामीलाई चित्त दुखाउने, दुःख दिने र अन्याय गर्नेहरूलाई माया गर्नु

**कसैको यो कथन छः** "शत्रुहरूलाई प्रेम गर्नको अर्थ मोती गाडिएको धुलो वा फोहरलाई हामीले माया गर्नुभनेको होइन। बरू फोहर र हिलोमा पुरिएर बसेको मोतीलाई हामीले माया गर्ने हो। हामी स्वभाविकै रूपमा मायालु भएकोले प्रभुले हामीलाई माया गर्नुहुन्न। उहाँले हामीलाई प्रेम गर्नुभएकोले नै हामी प्रेमिलो र मायालु बन्न जान्छौं।

***जब तपाईंले तपाईंका शत्रु र प्रतिद्वन्द्वीहरूलाई हेर्नुहुन्छ तब तपाईंले के देख्नुहुन्छ? मोती कि त्यसको वरिपरि रहेको धुलो र हिलो?***

मत्ती ५:४३-४५मा येशूले स्वर्गमा हुनुहुने उहाँको पिताको बारेमा हामीले अनुशरण गर्नुपर्ने नीति यसरी प्रस्तुत गर्नुभएको छः " ४३ "तिमीहरूले यसो भनेको सुनेका छौ, 'तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर।' ४४ तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, ४५ र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ। उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ। ४६ किनभने यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने तिमीहरूलाई के इनाम छ? के महसूल उठाउनेहरूले पनि त्यसै गर्दैनन् र?" मत्ती ५:४३-४६। हामीलाई दुःखकष्ट दिने, हानी गर्ने र चित्त फताउनेहरूलाई प्रेम गर्नुपर्छ भनेर येशूले भन्नुहुन्छ। उहाँले दुवै धर्मी, पापी, दुष्ट, खराब र असललाई वर्षाको आशिष खन्याउनुहुन्छ। अन्यायी, अत्याचारी, दुष्ट, अधर्मी, परमेश्वर नै छैन भन्ने नास्तिकहराई पानी पठाउनुहुन्छ भने तिनीहरूप्रति हाम्रो व्यवहार कस्तो हुनुपर्दछ?

हामीलाई दुःख दिनेलाई सधैं न्यानो र हाँसिहाँसी बस्ने येशूले भन्नुभएको छैन। त्यो असम्भव त छैन। तर मौलिक दृष्टिकोणमा हेर्ने हो भने शत्रुहरूप्रतिको प्रेम भावनामा आधारित नभएर नीतिमा आधारित हुनुपर्दछ। तिनीहरूलाई हामी माया गर्छौं र तिनीहरूको हितको निम्ति हाम्रो चासो छ भनेर विभिन्न क्रियाकलापहरूद्वारा हामी देखाउँछौं।

आफ्नो भनाईलाई येशूले एउटा नीति प्रस्तुत गर्दै अन्त्य गर्नुहुन्छ। उहाँको यो कथनले धेरै मानिसहरूले तर्कवितर्क र विवाद गर्छन्ः "यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ।" मत्ती ५:४८। तर जुन सन्दर्भमा त्यो भनिएको छ त्यसको अर्थ स्पष्ट छः जो मानिसहरूले प्रभु जस्तै सिद्ध हुन चाहन्छ तिनीहरूले पनि आफ्ना शत्रुहरूलाई सिद्ध प्रेम देखाउनुपर्छ। प्रभुको दृष्टिमा सिद्ध र परिपक्व हुनु भनेको नै हाम्रा विरोधी तथा प्रतिद्वन्द्वीहरूलाई प्रेम गर्न सक्ने खुबी हुनु हो। यसको लागि हृदयदेखि नै नम्र, विनम्र, कोमल, निश्वार्थी र प्रेमले लोटप्रोट हुनु आवश्यक छ। यी गुणहरू मानिसहरूमा स्वत आउँदैन तर प्रभुलेमात्र दिन सक्नुहुन्छ।

नम्रता वा विनम्र हुनु भनेको सबै खालका चोटपतक वा हृदयमा आघातहरू बिना रिसले धेर्यतासाथ सहनशील हुनु हो भन्ने परिभाषा हामीले हेर्यौं। तपाईंमा हुनुपर्ने नम्रताको गुणहरू के के छन् त्यसको सूची बनाउनु होस्। आफ्ना शत्रुहरू वा विरोधीहरूप्रति ठिक र उचित मनस्थिति राख्न सहयोग गर्न प्रभुसँग प्रार्थना गर्नुहोस्।

## ४. मुख बन्द गर्नुपर्ने समय

येशूको विरुद्धमा सारा यहूदी धर्मको क्रोधको तातो क्रूसको ओभानोमा पर्नुभएको थियो। तत्कालिन विश्व साम्राज्यको निर्दयी हातहरूले उनलाई काँटी थोकेर यातना दिएका थिए। सृष्टिकर्ता र जगका शक्तिशाली शासक भएतापनि त्यस भीषण परिस्थितिमा आफूलाई राहत दिन कुनै पनि अधिकार प्रयोग गर्नुभयो। उहाँ चुपचाप बलिको बोको भएर सबै थोक सहनभयो। कसरी नम्र हुनुपर्छ, कसरी मानव अन्याय र दुर्व्यवहार लिनु पर्छ, अरू स्वर्गमा जाउन् भनेर आफू कसरी होचिने र झुक्ने भन्ने येशूयीय गुणहरू हाम्रो निम्ति अनुकरणीय हुनैपर्छ। येशूले भन्नुभयो, "मकहाँ आऊ। मबाट सिक। म विनम्र, शालिन र कोमल हृदयकोछु।" मत्ती ११:२९। उहाँले त्यो कसरी भन्न सक्नुभएको होला त्यसको अर्थ त हामीले कल्पना पनि गर्न सक्दैनौं

इसाई भयो भन्दैमा कोही पनि दासत्वको जीवनबाट फुत्किन्छ भन्ने छैन। तत्कालिन सभ्यता र चलन अनुसार अरूहरूलेमात्र होइन इसाईहरूले दास राखेका थिए। "अब तिमी इसाई भयौ, तिमी आफ्नो मालिकबाट स्वतन्त्र हुनुपर्छ" भन्ने सुधारवादी नीति बाइबलले उक्साएको देखिन्दैन। यदि कोही येशूभक्त दास छ भने त्यस दासले आफ्ना मालिकहरू र कामप्रति कस्तो मानसिकता हुनुपर्छ पत्रुसले केही चकित पार्ने सल्लाह तिनीहरूलाई दिएका थिए। येशूले त अन्याय, पीडादायी दुर्व्यवाहर सहनुभयो र सबैको निम्ति अनुकरणीय उदाहरण छोड्नुभएकोले "तिमीहरू पनि उहाँको कदममा हिँड्नुपर्छ" भनेर पत्रुसले भन्दछन्। १ पत्रुस २:१८-२५ पढ्नुहोस् र भीषण परिस्थितिमा येशूको उदाहरण अनुसार नम्रता र अपमानहरू सहने केही नीतिहरू ती पदहरूमा कोट्याउनुहोस्। " १८ कमारा हो, सम्पूर्ण आदरपूर्वक आफ्ना मालिकहरूका अधीनमा बस। तिमीहरूमाथि दयालु र भला हुनेहरूका अधीनमा मात्र होइन, तर निर्दयीहरूका अधीनमा पनि। १९ परमेश्वरलाई सम्झेर कुनै मानिसले अन्यायपूर्ण कष्ट सहन्छ भने त्यो परमेश्वरमा प्रशंसनीय छ। २० किनभने तिमीहरूले खराब काम गरेर कुटाइ खाँदा धैर्यसँग सह्यौ भने यसमा ठूलो कुरो

**के छ र? तर तिमीहरूले असल गरेर पनि दुःख भोग्नुपर्दा धैर्यसँग सहन्छौ भने
यो परमेश्वरमा ग्रहणयोग्य हुन्छ, २१ किनकि यसैको निम्ति तिमीहरू बोलाइएका
हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि
एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ। २२
“उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन।” २३
तिनीहरूले उहाँलाई अपमान गर्दा उहाँले साटो फेर्नुभएन। दुःख भोग्नुहुँदा उहाँले
धम्की दिनुभएन। तर उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो। २४
हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै
शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ। २५
किनभने तिमीहरू भेड़ाहरूझैं बरालिरहेका थियौ, तर अब तिमीहरूका आत्माको
गोठाला र संरक्षककहाँ फर्किआएका छौ।"**

परिवारमा महिलालाई दोस्रो र कमजोर लिङ्ग भनेर दवाएर हिंसा गर्ने संस्कार वा परम्परा, धर्मको नाउँमा जबरजस्ति धर्म लाद्ने, राजनैतिक र वैचारिकको नाउँमा दमन गर्ने, आफ्नो भाऊ खोज्न अरूलाई अन्यायपूर्वक पेल्ने जस्ता संसारका र संसारिक मानिसहरूको संस्कार र प्रवृत्तिहरू हुन्। कुनै पनि इसाईहरू त्यस प्रवृत्तिमा लागेर येशूको जय भन्नुपनि येशूको बेइज्जत गरिरहेको हुन्छ। जुनसुकै परिवेशमा किन नहोस् एकले अर्कोलाई दवाएर अन्यायपूर्वक दुर्व्यवहार गरेको टुलुटुलु हेर्नपर्ने अवस्था भयानक अनुभव नै हो। अझ अरूहरूलाई होइन हामीलाई नै त्यस्तो व्यवहार गरिन्छ भने झन आतङ्कित बनाउँछ। हामी सबैलाई प्रायजसो के न्याय र उचित छ भन्ने भावना त छ। तर न्यायको नाउँमा अरूमाथि दमन गरेर र अन्याय लाडेर मानिसहरू र तिनीहरूको सोचबिचार र आस्थालाई ठिक ठाउँमा ल्याउन खोज्नु धार्मिक र न्यायीक स्वभावलाई रिस उठाउनु हो।

स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय दैनिक खबरहरूमा न्यायको नाउँमा न्याय गर्ने भनेर हिंसा र दुर्व्यवहार लाडिएकाहरूले भरिएका छन्। यस किसिमको परिस्थितिलाई हेरिरहन वा पढिरहनु वाध्य हुनु परेको सजिलो त छैन। तर कतिपयलाई त्यो असह्य हुन्छ र यस संसारमा के बाच्ने भनेर निराश भइरहेको पाइन्छ। यदि एउटा निर्णायक सत्यलाई आत्मसात् गर्न सकेन भने हामीलाई सरल, अर्थमूलक र सार्थक जीवन बिताउन असम्भव नै हुन्छ। सबै अन्याय परिस्थितिमा प्रभुको नियन्त्रणमा छ र उहाँको उचित समयमा उहाँकै इच्छा अनुसार जे हुनुपर्ने हो उहाँले नै न्याय गर्नुहुनेछ। यसले

एउटा तितो सत्यलाई हृदयमा सम्हाली राख्न जरुरी ठान्नु पर्दछ-येशूलाई जस्तै हामीलाई यस जीवनमा अन्यायको शिकारबाट उद्धार गरिनै छ भन्ने छैन। तर स्वर्गमा हुनुहुने हाम्रो पिताप्रभु हामीसँगै हुनुहुन्छ र सबै थोक उहाँको हातमा छ।

यस संसारमा हुने अन्याय दुःखकष्ट येशूको उदाहरण अनुसार सहनुपर्छ भन्नु पत्रुसको आग्रह अचम्मको छ किनकि जुरमुऱ्याएर अरूहरूलाई भौतिक कारवारी गर्नको सट्टा चुपचाप अन्याय सहंदा प्रभुको ठुलो महिमा हुन्छ रे! जब कायफास, पिलातस र राजा हेरोडले येशूलाई केरकार गर्दा उहाँले सवालजवाफ गर्न सक्नुहुन्थ्यो, स्थितिलाई ठिक बनाउन र आफ्नो पक्षमा ठिक ठहराउन ईश्वरिय भौतिक शक्ति प्रयोग गर्न सक्नुहुन्थ्यो। तर उहाँले त्यस्तो कुनै कार्वाही गर्नुभएन। उहाँको मौनता नै उहाँको विनम्रताको गवाही भएको थियो।

**तपाईंलाई अन्यायपूर्वक दुर्व्यवहार गर्ने परिस्थितिमा तपाईं पर्नुभयो भने तपाईंले कसरी सम्हाल्ने? येशू र पत्रुसले देखाएका नीतिलाई तपाईंले कसरी प्रयोग गर्न सक्नुहुन्छ?**

## ५. चट्टानमा र प्रभुको शरणमा

प्रायजसो धेरै हठी, अहंकारी, दम्भी, घमण्डी, आफ्नो भाऊ, सम्मान खोज्ने र अरूलाई पेल्ने, दवाउने र घचेत्ने मानिसहरूमा कमसल आत्मसम्मान वा हिनतावोधले सताएको हुन्छ। तिनीहरूमा कमी भएको नम्रता, विनम्रता, कोमलता, प्रभुभन्दा आफ्नो प्रतिष्ठालाई चर्काउन चाहने मानसिकतालाई जानी वा नजानी घमण्ड, अभिमान र हठी स्वभावले छोपेको हुन्छ। यस सैतानिक मिजासले त्यस व्यक्तिमा केही न केही कमी भएको देखाउँछ। तिनीहरूलाई के चाहिन्छ सो हामी सबैलाई आवश्यकता छः सुरक्षितको भावना, हामी किम्मती वा मूल्यवान् र लायक छौं भन्ने आफ्नो जीवनको उचित मोलको मूल्याङ्कन, हामीलाई सबैले सकारेको चाहना, विशेष गरेर दुःख, कष्ट र पीडामा कसैले हामीप्रति चासो राख्छ भन्ने अनुभव। तर ती सबै थोकहरू मानिसहरूबाट होइन परमेश्वरमामात्र पाइन्छ। केही क्षणको निम्ति अरूहरूले देला तर त्यो अस्थायी हुन्छ। छोटकरीमा भन्ने हो भने नम्र हुनु, विनम्र हुनु, अरू उचलियोस भनेर आफू झुक्नु जस्ता गुणहरू प्रभुका सज्जनहरूको कमजोरी होइन बरू तिनीहरू येशूरूपी चट्टानमा तिनीहरूको जीवन गहिरो र अटल भएर गाडिरहेको छ भनेर देखाउने अत्यन्तै प्रभावकारी साधन हुनसक्छ।

भजन ६२ पढ्नुहोस्, विशेष गरेर पद १-८ हेर्नुहोस्। यसको पृष्ठभूमि के होला? दाउदले के भन्न खोजिरहेको छ? उनले व्यक्त गरिरहेको भावनाहरूमा तपाईंले के आत्मिक नीतिहरू सिक्न सक्नुहुन्छ? अझ महत्त्वपूर्ण कुरो त के त्यहाँका नीतिहरू केवल अवधारणा, मनलाई बहलाउने, चित्त बुझाउने कुनै आत्मिक तर्कहरूमात्र हुन् कि तपाईंको आफ्नै जीवनमा प्रयोग गरेर देखाउने हो? हेर्नुहोस् "१ मेरो प्राणले परमेश्वरमा मात्र विश्राम पाउँदछ, उहाँबाट नै मेरो उद्धार आउँदछ। २ उहाँ मात्र मेरो चट्टान र मेरो उद्धारक हुनुहुन्छ, उहाँ मेरो किल्ला हुनुहुन्छ, म कहिल्यै डग्नेछैनँ। ३ एक जना मानिसमाथि कहिलेसम्म तिमीहरू आक्रमण गरिबस्छौ? ढल्न लागेको पर्खाल र कमजोर बारजस्तै भएको त्यस मानिसलाई के तिमीहरू सबै मिलेर ढाल्छौ? ४ त्यसको उच्च स्थानबाट त्यसलाई खसाल्नलाई तिनीहरूले दृढ़ विचार गरेका छन्। तिनीहरू असत्यतामा प्रसन्न रहन्छन्। तिनीहरू मुखले त आशीर्वाद दिन्छन्, तर मनमा तिनीहरू सराप्छन्। ५ हे मेरो प्राण, परमेश्वरमा मात्र विश्राम गर। मेरो आशा उहाँबाटै आउँछ। ६ उहाँ मात्र मेरो चट्टान, मेरो उद्धारक र मेरो किल्ला हुनुहुन्छ। म डग्नेछैनँ। ७ मेरो उद्धार र मेरो इज्जत परमेश्वरमा आश्रित छ, मेरो शक्तिशाली चट्टान र मेरो शरणस्थान परमेश्वर नै हुनुहुन्छ। ८ हे मानिस हो, सब समय उहाँमा नै भरोसा गर, उहाँको सामुन्ने आफ्ना मन खोल, किनकि परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ। ९ निम्न स्तरका मानिसहरू एक मुट्ठी सास मात्र हुन्, उच्च स्तरका चाहिँ भ्रम मात्र हुन्। तराजूमा तिनीहरू जोखिँदा हलुका हुन्छन्, तिनीहरू दुवै एक मुट्ठी सास मात्र हुन्। १० धुत्ने काममा भर नपर, र चोरेको सामानमा अभिमान नगर। तिम्रो धन-सम्पत्ति बढ्यो भने त्यसमा आफ्नो हृदय नलगाओ। ११ परमेश्वरले एउटा कुरो बोल्नुभएको छ, मैले दुई कुरा सुनेको छु, कि हे परमेश्वर, तपाईं बलिया हुनुहुन्छ, १२ र हे परमप्रभु, तपाईं प्रेमी हुनुहुन्छ। निश्चय नै हरेक मानिसलाई त्यसको कामअनुसारको प्रतिफल तपाईं दिनुहुन्छ।"

"विनाकारण मानिसहरू हाम्रा शत्रुहरू हुन्छन्। प्रभुका जनहरूका असल नियतहरूलाई मानिसहरूले गलत सम्झन सक्छन्। संसारमा मानिसहरूलेमात्र होइन आफ्नै चर्चका विश्वासीहरूले पनि गलत सम्झन सक्छन्। प्रभुका सेवकहरूलाई कठिन परिस्थितिमा जाकिन सक्छन्। स्वार्थी, पदको लालचमा लागेर, आफ्नो भाऊ खोज्ने, अधर्मी बाटोमा हिंड्ने चाहने इसाईहरू नै किननहुन् आफूहरू ठिक छु भनेर देखाउन सानो कुरो पनि पहाड

बनाउन सक्छन्। यी मानिसहरूको गलत चालहरूले गर्दा तिनीहरू कालो र बेइमान पोशाक पहिरिन पुगेका हुन्छन्। तिनीहरूका परिस्थितिहरूलाई तिनीहरूले काबुमा राख्न असमर्थ हुन्छन् जसको फलस्वरूप तिनीहरूले जे गर्छन् त्यो तिनीहरूको निम्तिमात्र होइन अरूहरूको निम्ति पनि अलमल र जिल्ल पार्ने खालका हुन्छन्। मानिसहरूलाई विश्वास गर्न सकिन्दैन भनेर तिनीहरूले औंल्याउनेछन्। यस्ता खालका आरोपहरू सेभेन्थ डे एडभेन्टिस्ट चर्चकै सदस्य वा अगुवाहरूले सेभेन्थ-डे एडभेन्टिस्ट विश्वासीहरूलाई लगाउने छन्। येशूलाई दिमाग र हृदयमा बलियोसँग सजाएर त्यस्ता आरोपहरूसँग भिड्न प्रभुका सेवकरूले अस्त्र धारणा गर्नुपर्छ। तिनीहरूलाई गरिने अपमान, बेइज्जत, चरित्रहत्या र गलत मूल्याङ्कनबाट तिनीहरू भाग्न सक्छन् भन्ने अपेक्षा पनि गर्नुहुन्न। तिनीहरूलाई जोशिलो, कट्टर, धर्मान्ध र अतिवादी भनेर सम्बोधन गर्न सकिन्छ। तर तिनीहरू उदास र हतोत्साह नहोस्। उहाँले चलाउने हाम्रो जीवनका पाङ्ग्राहरूमा उहाँका हातहरू चलाइरहेका हुन्छन्, उहाँको नाउँको महिमाको निम्ति तिनीहरूको कामद्वारा तिनीहरूलाई उहाँले अगुवाइ गरिरहेका हुन्छन्।"-*अपार्ड लुक,* पृ. १७७बाट रूपान्तरित।

**तपाईंका चर्चको विश्वासीहरू होस्, इष्टमित्र वा आफ्नै परिवारका सदस्यहरूबाट होस्, तपाईंलाई हान्ने बाणहरू, काँडाहरूबाट तपाईं कतिको सुरक्षित हुनुहुन्छ? मुश्किललै होला। तपाईं कतिको अमूल्य हुनुहुन्छ भनेर देखाउनुहुने, अति माया गर्नुहुने, तपाईंका पापहरूको निम्ति मर्नुहुने येशूमा तपाईंको विश्वासलाई जडाइ राख्दा तपाईंप्रति कसैको पनि आरोप र अफवाहहरूबाट तपाईं कसरी सुरक्षित हुने?**

## उपसंहारः

**थप जानकारीः दिदीमा एलेनः *मिनिस्त्री अभ हिलिङ्ग,* पृ. ४५३, ४५४को "द इम्पोर्टान्ट अभ सिकिङ्ग नोलेज," *डिजाएर अभ एजेज,* पृ. २९८-३१४को "द सेरमन अन द माउन्ट" र *इभान्जलिजमको* पृ. ६३०को "द वर्कर्स क्वालिफिकेशनस।"**

"यदि येशूको विनम्रतामा हामी लुक्न सकियो भने हामीले सामना गर्ने कुनै पनि कठिन परिस्थितिहरू धेरैजसो थोरै हुनेछ। यदि हामीमा प्रभुको नम्रता र विनम्रतालाई हृदयमा सजाइ राख्यौं भने हामी उचलिएर बाँचिरहन सक्ने हुन्छौं। दैनिक जीवनमा आइपर्ने नगण्य अपमानहरू, तिरस्कार, अपहेलना, हैरानीहरू, चिढ्याउने, दवाउने मानिसका प्रवृत्तिहरूबाट येशूमा भएको मिजास

हामीमा भयो हामी तिनीहरूबाट आकाशिएर बस्न सक्छौं। ती दुर्गुण तत्वहरूले हामीलाई उदासिन, अन्धकार र हतोत्साह बनाउन सक्दैन। येशूभक्तको आदर्श चरित्रको सबभन्दा उच्च प्रमाण नै आत्मनियन्त्रण वा आत्मसंयमी हुनु हो। दुर्व्यवहार र निष्ठुर परिस्थितिमा शान्त र प्रभुमा भरोसा राख्न सकिएन भने आफ्नो सिद्ध चरित्रलाई प्रकट गर्न चाहने परमेश्वरको अधिकारलाई लुट्दछन्। विनम्र हृदयले येशूका भक्तहरूलाई विजय पाउन बलमिल्दछ। येशूको जस्तो विनम्र चरित्र हुनु भनेकै त्यो व्यक्ति स्वर्गका अदालतहरूमा सम्पर्क रहेको छ भन्ने चिनो हो।"-*द डिजाएर अभ एजेज,* पृ.३०१बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **मानिसहरूले चित्त दुखाउने र रिस उठाउने चलनबाट अपार भएर बस्न औषधी विनम्रता कसरी हुन सक्छ? विनम्रतामा के उल्लेखनीय गुण छ जसले गर्दा अरूहरूको बाणहरूलाई सहनसक्ने शक्ति मिल्दछ?**

आ. **हाम्रै समाज, संस्कारमा नम्रता, विनम्रता, सहनशील र शालिनताला कसरी हेर्दछन् सोच्नु होस्। कोही मानिस नम्र भयो र दविन तयार छ तर नदवाउने चरित्रलाई के आदरणीय रूपमा हेर्दछन कि कमजोर र गधा जस्तो मानिस भनेर हेप्दछन्? तपाईं आफै येशूको स्वभाव अनुसार चल्न खोज्दा कस्ता किसिमको दवावहरू तपाईंले सामना गर्नु परिरहेको हुन्छ?**

इ. **नम्र र विनम्र महान् उदाहरणहरू भएका मानिसहरू के अहिले पनि जीवित छन्? यदि छ भने तिनीहरू को हुन् र तिनीहरूबाट तपाईंले के सिक्नसक्नुहुन्छ?**

ई. **कतिपय समयमा नम्र र विनम्रतालाई मानिसहरूले कमजोरको रूपमा किन हेर्दछन्?**

उ. **दाउदले प्रभुमा शरण खोजेको हामीले पढ्यौं। हामीले पनि त्यही गऱ्यौं भने त्यसलाई कसरी प्रकट गर्ने? शरण लिन आवश्यक भएकाहरूको निम्ति चर्च कसरी शरणस्थान हुन सक्छ? तपाईंको स्थानीय चर्च यस मामिलामा कस्तो भूमिका छ? तपाईंके व्यक्तिगत सक्रियताले चर्चलाई शरण स्थान कसरी बनाउन हुन्छ?**

## कथा १०
## चर्चमा पौडी खेल्ने लुगा, ब्राजिल
## रेजिना



अफिसमा सँगै काम गर्ने साथीहरूले आलभारोको मजाक उठाउन मन पराउँथे। "शुक्रबार काम गरिसकेपछि हामीसँग रक्सी खाएर किन रमाइलो नगर्ने?" एक जनाले सोध्यो। "होइन तिमी गएको शनिबार कहाँ थियौ? तिमी हाम्रो शनिबारको पार्टीमा कहिल्यै पनि आउँदैनौ," अर्कोले भन्यो। तर आलभारो चुपचाप हाँसेर बस्यो। आफ्नो सहकर्मी साथीहरूसँग उसले दयालु र स्नेहपूर्वक कुरा गर्थ्यो। तर उसको त्यो व्यवहारप्रति रेजीनाको ध्यान गएको थियो। आलभारो सेभेन्थ-डे एडभेन्टिस्ट हुन् भनेर रेजीनाले थाहा पाइन्।

रेजीन र आलभारो काम गरेको ब्राजिलको सरकारी कार्यलयमा आलभारोको बारेमा हँसी ठट्टा र मजाक उडाउने काम धेरै वर्षसम्म चल्यो। तर आलभारोले कहिल्यै पनि रिस देखाएर प्रतिक्रिया जनाएन।

एक दिने सँगै काम गर्ने गिलबर्टो कर्मचारीले रेजीनालाई आलभारो साबथमा आराधना गर्ने ठाउँमा ऊसँग जान आमन्त्रित गऱ्यो। "मैले सुनें आलभारो चर्चमा त होइन एउटा अनौठो ठाउँमा हरेक शनिबार परमेश्वरको आराधना गर्छ रे! त्यहाँ हामी बाइबलको बारेमा बेसी जानकारी पाउन सक्छौं," गिलबर्टले रेजीनालाई भन्यो।

रेजीनालाई पनि बाइबलको बारेमा धेरै सिक्न चाहेकी थिइन्, त्यसकारण एक शनिबार गिलबर्टसँग गइन्। उनी पौडी खेल्ने लुगा लगाएर गएकी थिइन् र बाहिर हल्का वस्त्र पहिरेकी थिइन्। आराधनापछि समुद्रको किनारामा पौडी खेल्न जाने उनको योजना थियो। गिलबर्टले रेजीनालाई एउटा साधारण घरमा लग्यो। त्यो चर्च नभएकोले रेजीनालाई रमाइलो नै लाग्यो। घरको बाहिर कुनै पनि धार्मिक साइनबोर्डहरू थिएन। त्यस ठाउँलाई " येशूको बारेमा एक आपसमा बाँड्ने," भन्ने नाउँले चिनिन्थ्यो। मानिसहरूले मुस्कुराएर रेजीनालई अङ्कमाल गर्दै स्वागत गरे। प्रायजसो शिक्षक र विद्यार्थीहरूको बीचमा उनले आलभारोलाई देखिन्।

पास्टर र उनको श्रीमतीले बाइबल सिकाएर र पछि सवालजवाफ भयो। त्यस समूहमा धेरै प्रश्नहरू उठेको थियो। रेजीना हाँसेर सुनिरहिन्। त्यहाँका मानिसहरूले बाइबलप्रति हृदयदेखि चासो देखाएको रेजीनालाई मन

पऱ्यो। बाइबल अध्ययन पछि पास्टर उठेर प्रवचन दिन थाल्यो। गिलबर्ट आफ्नो घर फर्क्यो र रेजीना समुद्रको किनारमा।

यो प्रक्रिया धेरै शनिबारसम्म चल्यो। गिलबर्ट र रेजीना बाइबल अध्ययनमा भाग लिए, पछि गिलबर्ट आफ्नो घरमा र रेजिना समुद्रको किनारामा।

एक तिन एक जना नयाँ साथीले तिनीहरूलाई प्रवचनको बेलामा बस्न अनुरोध गऱ्यो। त्यो साथीले भन्यो, "म प्रवचन दिँदैछु। तपाईंहरू सुन्न बस्नुभयो भने म धेरै खुशी हुनेछु। तिनीहरूले नाईं भन्न सकेन, त्यसकारण प्रवचनको समयमा पनि तिनीहरू बसे। तिनीहरूलाई असजिलो लागेको थियो, किनकि तिनीहरू चर्चको निम्ति लुगा लगाएको थिएन। तर तिनीहरूले प्रवचन मन परायो र त्यस दिनदेखि प्रत्येक शनिबार प्रवचन दिने बेलामा पनि बसे।

एक वर्षपछि गिलबर्टले बप्तिस्माद्वारा येशूलाई आफ्नो हृदय दियो। तर रेजिनाले आनकानी गरिरहिन्। यदि उनले येशूलाई ग्रहण गरे उनको परिवार र साथीहरूले के भन्ला भनेर सोचिरहिन्। अफिसमा साथीहरूले आलभारोलाई कसरी गिज्याउँथ्यो त्यो पनि सम्झिरहिन्। उनी अर्कै चर्चमा हुर्केकी थिइन् र सेभेन्थ-डे एडभेन्टिस्ट चर्च अरूभन्दा भिन्नै भएको उनलाई लागेको थियो।

चार वर्षपछि पास्टर अर्कै ठाउँमा सरुवा भएको रेजिनाले सुनिन्। उनले त्यस पास्टरलाई तुरन्तै फोन गरिन्। ढिलो गर्नुपर्ने कारण उनले देखिनन्। सार्वजनिकरूपमा बप्तिस्माद्वारा आफू येशूलाई ग्रहण गरेको उनले देखाउन चाहिन्। रेजिनाका परिवारका सदस्यहरू र साथीभाइहरू उनको निर्णयलाई स्वीकारेनन्। तर आफ्नो निर्णयलाई रेजिनाले पछुताव गरिनन्। उनी चर्चमा सक्रिय भइन् र समाजमा आवश्यकतामा परेकाहरूलाई सहयोग गर्ने काममा पनि सरिक भइन्। पछि उनलाई चर्चको बोर्डमा बस्न पनि आमन्त्रण गरियो।

जसरी मायालु तरिकाले उनलाई येशू प्रस्तुत गरिएको थियो त्यसप्रति रेजिना दिनदिनै परमेश्वरलाई धन्यवाद दिन्छिन्। त्यसले गर्दा आज उनी सेभेन्थ-डे एडभेन्टिस्ट परिवारको सदस्य हुन पुगेकी छिन्।

"जब जब मलाई अवसर मिल्छ म काममा र अरू ठाउँहरूमा येशूको बारेमा सुनाउँछु। मानिसहरूलाई परमेश्वरको महान् प्रेममा आकर्षित गराउन हामीहरू परमेश्वरका औजार हौं," रेजिनाले सुनाइन्।

-आन्ड्र्यु मेकचेस्नी